जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २८ • अंक १४९ • २०८३ साल आश्विन ३० गते शुक्रबार (16 October, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## मधेशीतर्फको सहमहामन्त्रीमा अजय र महेन्द्रबीच कडा प्रतिस्पर्धा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत मधेश प्रदेश भूगोलतर्फका केन्द्रीय सदस्य पदको मतगणना जारी छ । निर्वाचन समितिले जनाए अनुसार बिहीबार दिउँसो १ बजेदेखि ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा मतगणना शुरु गरिएको छ ।

त्यस्तै मधेशी क्लस्टरतर्फको सहमहामन्त्री तर्फको पनि मतगणना जारी नै छ । सो अनुसार अजयकुमार चौरसिया र महेन्द्र यादवबीच कडा प्रतिस्पर्धा छ ।

सहमहामन्त्री मधेसीतर्फको मतगणनामा चौरसियाले अग्रता कायमै छ ।

करिब ६ हजार ३ सय मत गणना हुँदा चौरसियाले १ हजार ५८४ मत प्राप्त गरेका छन् भने यादवले पछ्याइरहेका छन् । महेन्द्र यादवले १ हजार ३३७ मत प्राप्त गरेका छन् । अन्तिम परिणाम सार्वजनिक हुनका लागि करिब ८ सय मतगणना हुन बाँकी नै छ । यसरी यी दुई बीच कडा टक्कर देखिए पनि चौरसिया दुई सय ४ भन्दा बढी मतले महेन्द्रभन्दा अघि छ ।

मतगणना जारी रहेकाले उम्मेदवारहरूको मतपरिणाममा फेरबदल हुन सक्ने सम्भावना देखिएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई बोक्दा महेन्द्र यादवप्रतिको आक्रोशका कारण अपेक्षा अनुसारको मत पाउन नसकिएको उनी निकटका कार्यकर्ता बताउँछन् ।

त्यस्तै पूर्वराष्ट्रपति रामवरण यादवका छोरा उपसभापति चन्द्रमोहन यादव, उनका भतिजी रेखा यादव, किरण यादवलगायत आफन्तका कारणले पनि महेन्द्रलाई मत पाउन सकस भएको बताइन्छ ।

यता मतगणना अन्तर्गत मधेश प्रदेश केन्द्रीय सदस्य महिला, खुला, ३५ वर्षमुनिका युवा महिला र ३५ वर्षमुनिका युवा खुलातर्फका उम्मेदवारको मत गनिँदै छ ।

कांग्रेसको नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि भएको निर्वाचन अन्तर्गत विभिन्न पद र समूहको मतगणना जारी छ । मधेश प्रदेश भूगोलतर्फका यी समूहको मतगणना शुरु भएसँगै सम्बन्धित पदका उम्मेदवारको मतपरिणाम बिहीबार रातिसम्ममा आउने सम्भावना प्रवल छ ।

कांग्रेसको १५औं महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्न असोज २३ गते मतदान भएको थियो । सभापति तथा अन्य प्रमुख पदाधिकारीको मतपरिणाम सार्वजनिक भइसकेको छ भने सहमहामन्त्री र केन्द्रीय सदस्यका विभिन्न समूहको मतगणना चरणबद्ध रूपमा भइरहेको छ ।

निर्वाचन समितिले पार्टीको केन्द्रीय कार्यालय सानेपामा विभिन्न समूह बनाएर मतगणना गरिरहेको छ । बाँकी समूहको मतगणना सम्पन्न गरी सबै पदको अन्तिम परिणाम सार्वजनिक गर्ने तयारी समितिले गरेको छ ।

### महँगीले मधेशको दशैं खल्लो

## दैनिक उपभोग्य वस्तुको चर्को मूल्यवृद्धिले सर्वसाधारणलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । बडादशैं नजिकिएसँगै मधेश प्रदेशका बजारमा चहलपहल बढेको छ । दशैंका लागि नयाँ लुगा, खाद्यान्न, मिठाइ, फलफूल तथा पूजासामग्री किनमेल गर्नेहरूको भीड बजारमा देखिन थालेको छ । तर, बजारमा बढ्दो महँगीका कारण सर्वसाधारणको दशैं भने खल्लो बन्दै गएको छ । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि, सीमित आम्दानी र आर्थिक अभावका कारण मधेशका धेरै परिवारलाई यस वर्षको दशैं खर्च जुटाउन मुस्किल भइरहेको छ ।

दशैंलाई पारिवारिक भेटघाट, नयाँ लुगा लगाउने, मीठोमसिनो खाने र रमाइलो गर्ने पर्वका रूपमा लिइन्छ । तर, पछिल्लो समय खाद्यान्न, तेल, चिनी, दाल, तरकारी, फलफूल, लत्ताकपडा र मासुको मूल्य बढ्दा सर्वसाधारणलाई चाडपर्वको खर्च व्यवस्थापन गर्न कठिन भएको छ। सामान्य आम्दानी भएका परिवारलाई दैनिक घरखर्च चलाउने कि दशैं मनाउने भन्ने चिन्ताले सताउन थालेको छ ।

मधेश प्रदेशका प्रमुख सहर जनकपुरधाम, राजविराज, वीरगञ्ज, मलंगवा र गौरलगायतका बजार तथा ग्रामीण क्षेत्रमा दशैंको किनमेल सुरु भएको छ । तर, बढ्दो मूल्यका कारण उपभोक्ताहरू आवश्यक सामग्रीसमेत छानेर किन्न बाध्य छन् । सामानको मूल्य सोध्ने तर महँगो भएपछि नकिनी फर्किनुपर्ने अवस्था रहेको सर्वसाधारणको गुनासो छ । विगतका



वर्षमा दशैंका लागि नयाँ लुगा, जुत्ता र अन्य सामग्री किन्ने परिवारले यस वर्ष खर्च कटौती गर्न थालेका छन् ।

दैनिक ज्यालादारीमा काम गर्ने मजदुर, साना किसान, रिक्सा तथा ठेला चालक, न्यून तलबमा काम गर्ने कर्मचारी र विपन्न परिवार महँगीको मारमा परेका छन् । सीमित आम्दानीबाट दशैंको अतिरिक्त खर्च जुटाउन कठिन हुँदा कतिपय परिवारले बालबालिकाका लागि नयाँ लुगा किन्ने योजना स्थगित गरेका छन् भने कतिपयले मासु, मिठाई तथा अन्य परिकारको मात्रा घटाउने तयारी गरेका छन् ।

मधेश प्रदेशका ग्रामीण क्षेत्रमा कृषि पेसामा निर्भर परिवारको अवस्था पनि सहज छैन । खेतीपातीबाट पर्याप्त आम्दानी नहुनु र उत्पादनको उचित मूल्य नपाउनुले किसानलाई दशैं खर्च जुटाउन समस्या भइरहेको छ । अर्कोतर्फ, मल, बीउ, सिँचाइ र कृषि मजदुरको खर्च बढ्दा उत्पादन लागतसमेत बढेको छ । यस्तो अवस्थामा किसानका लागि दशैंको खुसीभन्दा आर्थिक व्यवस्थापनको चिन्ता ठूलो बनेको छ ।

वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यले पठाउने रकममा निर्भर परिवारका लागि पनि चाडपर्व खर्च व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । रेमिट्यान्स प्राप्त हुने परिवारले केही राहत महसुस गरे पनि विदेशबाट रकम नआएका वा न्यून रकम प्राप्त गर्ने परिवारलाई दशैंको खर्च जुटाउन कठिन भइरहेको छ । कतिपय परिवारले ऋण लिएर चाडपर्व मनाउनुपर्ने बाध्यतासमेत भोगिरहेका छन् ।

दशैंका बेला बजारमा माग बढ्ने भएकाले कृत्रिम मूल्यवृद्धि, कालोबजारी तथा गुणस्तरहीन वस्तुको बिक्री हुन सक्ने जोखिमप्रति उपभोक्ता चिन्तित छन् । व्यापारीबाट मनपरी मूल्य लिने तथा म्याद गुज्रिएका सामग्री बिक्री हुने सम्भावनालाई रोक्न सम्बन्धित निकायले नियमित बजार अनुगमन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

उपभोक्ता हित संरक्षणका लागि सरकारले दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण, कृत्रिम अभावको अन्त्य र सुपथ मूल्यका पसल सञ्चालनमा प्रभावकारी ध्यान दिनुपर्ने माग उठिरहेको छ । साथै, विपन्न परिवारलाई लक्षित राहत तथा सहुलियतका कार्यक्रम सञ्चालन गर्न सके चाडपर्वका बेला उनीहरूलाई केही राहत पुग्ने अपेक्षा गरिएको छ ।

आर्थिक अभाव र बढ्दो महँगीले सर्वसाधारणको खुसीमा असर पारेको छ । बजारमा चहलपहल बढे पनि धेरै परिवारमा दशैंको उत्साह कमजोर देखिएको छ । समयमै बजार मूल्य नियन्त्रण, प्रभावकारी अनुगमन र विपन्न वर्गलाई राहत उपलब्ध गराउन सके मधेशका सर्वसाधारणले पनि सहज रूपमा दशैं मनाउन सक्नेछन् ।

स्थानीय राकेश कुमार झाले महँगी नियन्त्रण, बजार अनुगमन र विपन्न परिवारलाई राहत उपलब्ध गराउन सके सर्वसाधारणले खुसीका साथ दशैं मनाउन सक्ने बताए । उनले चाडपर्वका बेला दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रणमा सम्बन्धित निकायले विशेष ध्यान दिन आवश्यक रहेको बताए ।

## रास्वपाका नगर सभापति अली पक्राउ

**टुडे समाचारदाता**

राजविराज । लागुऔषध गाँजा बरामदसम्बन्धी मुद्दामा फरार रहेका सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सुरुंगा नगरपालिकाका नगरसभापति मोहम्मद साबिर अली पक्राउ परेका छन् । उनलाई बुधबार सप्तरी र सिरहाका प्रहरीको संयुक्त टोलीले सप्तरीको सुरुंगा नगरपालिका-४ स्थित कदमाहा बजारबाट पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक (एसपी) रुपक खड्काका अनुसार इलाका प्रहरी कार्यालय भेडिया, सप्तरी र इलाका प्रहरी कार्यालय लहान, सिरहाको संयुक्त टोलीले खोजतलासका क्रममा अलीलाई पक्राउ गरेको छ।



सुरुंगा नगरपालिका-५ का ४७ वर्षीय अलीविरुद्ध लागुऔषधसम्बन्धी मुद्दामा इलाका प्रहरी कार्यालय लहानको अपराध नियन्त्रण तथा अनुसन्धान शाखाले यसअघि नै खोजतलासका लागि पत्राचार गरेको थियो । उक्त शाखाले १५ फागुन २०८१ र २६ पुस २०८२ मा पुनः खोजतलास गर्न पत्राचार गरेको सप्तरी प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार घटनाको सुरुआत २९ मंसिर २०८१ मा भएको सवारी दुर्घटनासँग जोडिएको छ । सिरहाको धनगढीमाई नगरपालिका-१० स्थित जिरोमाइलमा पूर्व-पश्चिम राजमार्गमा ना.३ ख ७५९१ नम्बरको ट्रक र बा.८ च ९९६३ नम्बरको कार एकआपसमा ठोक्किएका थिए । दुर्घटनापछि प्रहरीले कारमा खानतलासी गर्दा पाँचवटा पोकामा राखिएको एक क्विन्टल ३० किलो गाँजा बरामद गरेको थियो । घटनापछि ट्रक चालक र कार नियन्त्रणमा लिइए पनि कार चालक भने फरार भएका थिए ।

उक्त घटनाको अनुसन्धानका क्रममा कार चालक फरार रहेको र सोही प्रकरणमा अलीको संलग्नता रहेको खुलेपछि प्रहरीले उनको खोजी तीव्र बनाएको थियो । खोजतलासकै क्रममा उनलाई पक्राउ गरिएको एसपी खड्काले जानकारी दिए ।

## लोकसेवाले रोक्यो अधिकृत तहको विज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश लोकसेवा आयोगले प्रदेश निजामती सेवातर्फका अधिकृत सातौं र आठौं तहको विज्ञापनमा रोकेको लगाएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त पदपूर्तिका लागि माग नपठाएपछि आयोगले विज्ञापन प्रकाशन गर्न नसकेको जनाएको छ ।

आयोगको वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम बिहीबार अप्राविधिक र प्राविधिकतर्फका अधिकृत पदको विज्ञापन खुल्नुपर्ने थियो । प्रदेश निजामती सेवा ऐन, २०७७ को व्यवस्था अनुसार मुख्यमन्त्री कार्यालयले निर्धारित समयमै रिक्त पदको विवरण आयोगलाई पठाउनुपर्ने हुन्छ । तर कार्यालयले संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षणको कारण देखाउँदै तत्काल कर्मचारीको माग पठाउन नसकिने जानकारी आयोगलाई गराएको थियो ।

मुख्यमन्त्री कार्यालयले असोज २३ गते आयोगलाई पत्र पठाउँदै प्रमुख सचिवको संयोजकत्वमा साउन ११ गते बसेको सचिव बैठकको निर्णय उद्धृत गरेको छ । बजेट वक्तव्यको बुँदा नम्बर १०९ लाई आधार मान्दै पत्रमा 'कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्नुपर्ने भएकाले ओएण्डएम सर्वेक्षण नसकिन्जेल नयाँ पदपूर्ति र बढुवा रोक्का गरिएको' उल्लेख गरेको छ ।








अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# दशैं मेला उत्कर्ष तर्फ

जनकपुरधामलाई धार्मिक र सांस्कृतिक नगरीको रुपमा मानिन्छ। यहाँ हरेक महिना विभिन्न पर्वतिहारको आयोजन, विभिन्न सांस्कृतिक कार्यहरु हुने गर्छ। जनकपुरधामको छठ पर्व, दूर्गा पूजालगायतका आयोजनहरु विख्यात छ। सहर र गाउँको चोकहरुमा दूर्गाको मूर्ति स्थापना गरी भव्य पूजा गरिन्छ। गंगासागर, अरगजा सरलगायतका पवित्र जलासयहरुमा गरिने छठ पूजाको विशिष्ट महत्व छ। जनकपुरधाममा विगतमा पनि मेलाहरुको भव्य आयोजन हुने गर्थ्यो। विवाहपञ्चमी मेला कयौं दिनसम्म चल्थ्यो। रामनवमी मेला एक महिना बढी समयसम्म लाग्थ्यो। देशमा भएका विभिन्न आन्दोलन र परिवर्तनले मेलाहरुलाई समेत प्रभावित गरेको देखिन्छ। विभिन्न विकासहरुसँगै मेलाको दिन पनि छोटिएको छ। केही मेलाहरु औपचारिकतामा सीमित भएको छ। जनकपुरधाममा विगतको वर्षमा आयोजना कतिपय मेलाहरुको औचित्य पनि अब समाप्त भइसकेको छ। मधेश आन्दोलनपछि भएको स्थानान्तरले पनि जनकपुरधामको आर्थिक गतिविधिलाई नराम्ररी प्रभावित गरेको थियो। दशैं लगायतको पर्व तिहारमा बजारमा हुने चहलमा निकै कमी आएको थियो। तर विभिन्न युवा क्लवहरुले दशैं मेलालाई भव्यता प्रदान गर्न थालेसँगै बजारमा भीड पनि बढ्न थालेको छ। बजारमा मानिसहरुको चहलपहल बढ्ने क्रमसँगै आर्थिक गतिविधि पनि बढेको छ। दशैंमा रौनक थपिएको छ। मन्दिरहरुलाई विशेष रुपमा सिंगारिनुको साथै विभिन्न चोकहरुमा मूर्तिको स्थापना गरिएको छ। रामानन्द चोकमा वर्षौंदेखि दूर्गा भवानीको मूर्ति स्थापना गरी पूजा गरिदै आएको छ। मुरली चोक, भ्रमरपुरा चोक, जिरोमाइललगायत कयौं स्थानमा दूर्गा भवानीको मूर्ति स्थापना गरी पूजा गरिन्छ।ह रेक वर्ष नयाँपन दिने क्रममा रामानन्द युवा क्लवले विशेष सांस्कृतिक र मनोरञ्जनात्मक कार्यहरुको आयोजना गरेको छ। रामानन्द युवा क्लबले बाह्रबिघामा आयोजना गरेको मनोरञ्जनात्मक कार्यक्रमले राम मन्दिर वरिपरी साँगुरिएको भीडलाई फराकिलो बनाएको छ। अहिले रामानन्द चोकदेखि बाह्रबिघा हुँदै जानकी मन्दिर र राम मन्दिरसम्म मानिसहरुका भारी भीड लाग्न थालेको छ। दूर्गा पूजाको रौनक विस्तारै उत्कर्षमा पुग्न लागेको छ। बिहान तीन बजेदेखि श्रद्धालुहरु राजदेवी मन्दिरमा लाम लाग्न थालेका छन्। ग्रामिण भेगबाट भारी संख्यामा मानिसहरु मेला भर्न जनकपुरधाममा आउन थालेका छन्। जनकपुरधाममा धार्मिक पर्यटक नै बढी आउने गर्छन्। त्यसकारण जनकपुरधाममा रहेका धार्मिक तथा सांस्कृतिक स्थलको प्रचार र त्यस प्रकारको कार्यक्रमको आयोजना हुनु आवश्यक छ। युवाहरुले धार्मिक र सांस्कृतिक स्थलको प्रचार र पर्यटन प्रवर्द्धन गर्ने उदेश्य मात्र राखेर नगरे पनि सहयोग त्यसलाई पुगिरहेको छ। दशैंको अवसरमा आयोजना गरिने धार्मिक र सांस्कृतिक कार्यक्रमहरुले प्रारम्भमा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्नेछ। त्यसपछि भारतीय पर्यटकहरुलाई आकर्षित गर्नेछ। युवाहरुलाई प्रोत्साहित गर्न आवश्यक छ।

# दुर्गा पूजाको छैटौ दिन कात्यायनीको पूजा

दूर्गा पुजनोत्सवको क्रममा छैटौ दिन माता कात्यायनीको पूजा गरिन्छ। कात्य गोत्रमा विश्व प्रसिद्ध महर्षि कात्यायनले भगवती पराम्बाको उपासना गरे।

पुत्री लाभका लागि उहाँले कठिन तपस्या गर्नुभयो। उहाँको कठोर तप एक दिन सफल भयो।माता भगवती उहाँको घरमा पुत्रीको रुपमा जन्म लिनु भयो। त्यसकारण उहाँ कात्यायनीको रुपमा विख्यात हुनु भयो।

महर्षि कायत्यायनको घरमा अवतरित देवी नै कात्यायनी रहेको धर्मग्रन्थहरुमा उल्लेख छ।

नवरात्रीमा छैटौ दिन पुजा गरिने देवी कात्यायनी अत्यन्त दयालु मानिन्छ।

उहाँको उपासना र आराधनाले भक्तहरुलाई बहुत



*चंद्रहासोज्ज्वलकरा शार्दूलवरवाहना। कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी॥*

सहज ढंगले अर्थ, धर्म, काम र मोक्ष चारवटै फलको प्राप्ति हुन्छ। भक्तहरुको रोग, शोक, संताप र भय नष्ट हुन्छ। उहाँको भक्ती अराधनाले सम्पूर्ण पाप नष्ट हुन्छ।कात्यायनी माताको कृपाले साधकलाई सबै प्रकारको शान्ति र वैभव प्राप्त हुन्छ।

उहाँको गुण शोध कार्य हो। त्यसकारण वर्तमान वैज्ञानिक युगमा कात्यायनीको महत्व सर्वाधिक बढी हुन्छ। उहाँको कृपाले नै सम्पूर्ण कार्य पुरा हुन्छ। माता कात्यायनी वैद्यनाथ नामक स्थानमा प्रकट भै पुजिएकी हुन्। माता कात्यायनी अमोघ फलदायिनी हुन्। भगवान कृष्णलाई पतिको रूपमा प्राप्त गर्न ब्रजका गोपिनीहरुले उहाँकै पुजा गरेका थिए।

यो पूजा कालिंदी यमुनाको घाटमा गरिएको थियो।त्यसै कारण उहाँ ब्रजमंडलको अधिष्ठात्री देवीको रूपमां प्रतिष्ठित हुनभएको छ। उहाँको स्वरूप अत्यंत भव्य र दिव्य हो। यो स्वर्ण को समान चम्किलो र भास्वर हो। उहाँ चार भुजाधारी हुनुहुन्छ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात अभयमुद्रमा छन्।

दाहिने तर्फको तलको हात वर मुद्रामा रहेको छ।माता कात्यायनीको बायाँ तर्फको माथिल्लो हातमा तलवार सुशोभित छ।बायाँ तर्फको तलको हातमा कमलको पुष्प सुशोभित छ।

माता कात्यायनीको पूजा उपवासले परमपदको प्राप्ति हुन्छ।

त्यसलै भनिन्छ, उहाँको उपासना र आराधनाले साधक,भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्षको प्राप्ति हुन्छ।

माताको कृपाले शोक, सन्ताप र भय नष्ट हुन्छ।मानव जन्मको सम्पूर्ण पाप नष्ट हुन्छ।

# शिक्षक असुरक्षित हुँदा शिक्षाको भविष्य कति सुरक्षित ?



दिपेश कर्ण

शिक्षक तथा शिक्षाकर्मीमाथि बढ्दो दुर्व्यवहारलाई व्यक्तिमाथिको आक्रमणमा मात्र सीमित गरेर हेर्न मिल्दैन;

यो शिक्षा प्रणालीको मर्यादा, संस्थागत जवाफदेहिता र राज्यको शासन क्षमतासँग जोडिएको प्रश्न हो।

एक पटकविभिन्न समाचार माध्यमबाट लिइएका मात्र सन् २०२६का शिक्षक तथा शिक्षाकर्मी माथिको दुर्व्यवहार सम्बन्धि समाचारको संक्षेप विवरण हेरौं :

| समाचार प्रकाशित मिति | समाचारको शिर्षक | समाचारको मूल लिङ्क |
|---|---|---|
| ११ अक्टोबर २०२६ | कपनको बाल उद्धार माविका प्रधानाध्यापकमाथि कुटपि दुई जना पक्राउ | https://english.ratopati.com/story/83331/kapan-child-rescue-secondary-school-principal-beaten-up-two-arrested |
| १७ मे २०२६ | बौधीमाईका मेयरमाथि कार्यालयमै बोलाएर शिक्षक कुटपिटको आरोप | https://ekantipur.com/madhesh-pradesh/2026/05/17/boudhimai-mayor-accused-of-beating-teacher-in-office-28-16.html |
| १२ जुलाई २०२६ | विद्यालयको चुनावमा शिक्षा अधिकृतमाथि कालो मोबिल खन्याएर दुर्व्यवहार | https://english.ratopati.com/story/69879/education-officer-abused-by-pouring-black-liquid-on-him-during-school-elections |
| २८ अगस्ट २०२६ | कुटपिटबाट खोटाङका शिक्षकको मृत्यु | https://ekantipur.com/koshi-pradesh/2026/08/28/en/khotang-teacher-dies-after-being-beaten-40-19.html |
| २६ मे २०२६ | शिक्षकमाथि दुर्व्यवहार र आक्रमणको घटनाप्रति नेपाल शिक्षक महासंघको आपत्ति | https://himalpress.com/2026/05/nepal-teachers-federation-objects-to-incidents-of-abuse-and-attacks-on-teachers/ |
| ०१ सेप्टेम्बर २०२६ | सर्लाहीमा प्रधानाध्यापकमाथि कुटपिटको आरोप विद्यालयसम्बन्धी विवादले हिंसक रूप लियो | https://thehimalayantimes.com/nepal/school-dispute-turns-violent-as-principal-allegedly-beaten-in-sarlahi |

नेपालमा शिक्षक तथा शिक्षाकर्मीमाथि हुने कुटपिट, धम्की, गालीगलौज र सार्वजनिक अपमानका घटनाले एउटा गम्भीर प्रश्न उठाएका छन्—विद्यार्थीको भविष्य निर्माण गर्ने जिम्मेवारी बोकेको शिक्षक स्वयं आफ्नो कार्यस्थलमा कति सुरक्षित छ? कुनै शैक्षिक संस्थामा विवाद हुनु अस्वाभाविक होइन। शिक्षकबाट गल्ती हुन सक्छ, विद्यार्थी वा अभिभावकको गुनासो जायज हुन सक्छ र संस्थागत निर्णयमाथि प्रश्न उठ्न सक्छ। तर असहमतिको जवाफ हिंसा, धम्की वा सार्वजनिक अपमानबाट दिन थालियो भने त्यो एउटा व्यक्तिमाथिको दुर्व्यवहारमा मात्र सीमित रहँदैन; त्यसले शिक्षा प्रणालीको अनुशासन, विश्वास र न्यायप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठाउँछ।यस्ता घटनालाई क्षणिक आवेग, व्यक्तिगत रिसइबी वा केही व्यक्तिको असामान्य व्यवहार भनेर पन्छाउनु सजिलो छ। तर समस्याको वास्तविक समाधानका लागि यसको सामाजिक, संस्थागत र प्रशासनिक पृष्ठभूमि बुझ्न आवश्यक छ। शिक्षकको सम्मान कमजोर हुनु, गुनासो सुनुवाइका संयन्त्र प्रभावकारी नहुनु, राजनीतिक वा सामाजिक पहुँचको दुरुपयोग हुनु र कानुनी प्रक्रियाप्रति अविश्वास बढ्नुजस्ता पक्षले यस्ता विवादलाई जटिल बनाउन सक्छन्। यी सम्भावित कारणलाई तथ्य र अनुसन्धानका आधारमा पहिचान गर्नु आवश्यक छ।

**प्रविधि बदलियो, सम्बन्धको संस्कार पनि बदलिँदै छ ?**

नेपालको शिक्षा प्रणाली कालोपाटी र चकबाट डिजिटल बोर्ड, स्मार्ट कक्षाकोठा र कृत्रिम बुद्धिमत्तासम्म आइपुगेको छ। शिक्षणका माध्यम बदलिएका छन्, सूचनामा पहुँच विस्तार भएको छ र विद्यार्थीहरू पहिलेभन्दा बढी प्रश्न गर्ने तथा आफ्नो अधिकारप्रति सचेत हुने वातावरण विकसित भएको छ। यो परिवर्तन आफैँमा सकारात्मक हो। तर अधिकारप्रतिको चेतना र पारस्परिक सम्मानबीच सन्तुलन कायम हुन नसकेमा शैक्षिक सम्बन्धमा तनाव उत्पन्न हुन सक्छ।

पूर्वीय दर्शन र नेपाली सामाजिक संस्कारमा गुरु-शिष्य सम्बन्धलाई ज्ञान, अनुशासन र नैतिक विकासको आधार मानिएको छ। परम्परागत रूपमा शिक्षकलाई केवल पाठ पढाउने व्यक्ति नभई समाजलाई दिशा दिने मार्गदर्शकका रूपमा हेरिएको छ। यद्यपि आधुनिक लोकतान्त्रिक समाजमा गुरुको सम्मानलाई निरपेक्ष आज्ञापालनका रूपमा बुझ्न मिल्दैन। शिक्षकको अधिकारसँगै विद्यार्थीको स्वतन्त्रता, सम्मान र सुरक्षाको पनि उत्तिकै महत्त्व छ।समस्या त्यतिबेला उत्पन्न हुन्छ, जब अधिकारको माग जिम्मेवारीबाट अलग हुन्छ र असहमतिलाई संवादबाट होइन, दबाब वा धम्कीबाट व्यक्त गरिन्छ। यसको समाधान पुरानो अनुशासनलाई जस्ताको तस्तै फर्काउनु होइन; सम्मान, उत्तरदायित्व र न्यायमा आधारित नयाँ शैक्षिक संस्कार निर्माण गर्नु हो।

**गुनासोको सुनुवाइ कमजोर हुँदा द्वन्द्व किन बढ्छ ?**

विद्यालय वा क्याम्पसमा कुनै विवाद उत्पन्न हुँदा त्यसलाई समाधान गर्ने पहिलो आधार प्रभावकारी संस्थागत प्रक्रिया हुनुपर्छ। विद्यार्थी वा अभिभावकलाई शिक्षकको व्यवहारप्रति गुनासो हुन सक्छ। शिक्षकलाई पनि विद्यार्थी, अभिभावक वा व्यवस्थापनबाट दुर्व्यवहार भएको अनुभव हुन सक्छ। दुवै पक्षका गुनासो निष्पक्ष रूपमा सुन्ने, प्रमाणका आधारमा छानबिन गर्ने र समयमै निर्णय दिने संयन्त्र नहुँदा विवादले अनावश्यक रूपमा ठूलो रूप लिन सक्छ।विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, क्याम्पस प्रशासन र स्थानीय तहका शिक्षा शाखाको भूमिका यहाँ महत्त्वपूर्ण हुन्छ। गुनासोको सुनुवाइ ढिलो हुनु, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव हुनु वा प्रभावशाली व्यक्तिको दबाबमा निर्णय प्रभावित हुनुजस्ता अवस्थाले संस्थाप्रतिको विश्वास कमजोर बनाउन सक्छन्। त्यसैले शैक्षिक संस्थामा गुनासो दर्तादेखि निर्णयसम्मको प्रक्रिया स्पष्ट, निष्पक्ष र सबैका लागि पहुँचयोग्य हुनुपर्छ।राजनीतिक पहुँच, आर्थिक हैसियत वा सामाजिक प्रभावका आधारमा कसैले कानुनी जवाफदेहिताबाट उन्मुक्ति पाउने अवस्था सिर्जना हुनु हुँदैन।

**सामाजिक सञ्जाल : आवाज उठाउने माध्यम कि सार्वजनिक दण्डको मञ्च ?**

सामाजिक सञ्जालले नागरिकलाई आफ्नो अनुभव सार्वजनिक गर्ने र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने शक्तिशाली माध्यम दिएको छ। शैक्षिक संस्थाभित्र भएको अन्याय वा दुर्व्यवहार सार्वजनिक हुन सक्नु जवाफदेहिता बढाउने अवसर पनि हो। तर यही माध्यम अपुष्ट आरोप फैलाउने, व्यक्तिगत प्रतिष्ठामा क्षति पुर्‍याउने र अनुसन्धानअघि नै कसैलाई दोषी घोषणा गर्ने साधन बन्न सक्छ।कुनै घटनाको भिडियो वा विवरण सामाजिक सञ्जालमा सार्वजनिक हुँदैमा त्यसको सम्पूर्ण सन्दर्भ प्रमाणित भएको मान्न सकिँदैन। एउटा छोटो दृश्यले घटनाको सुरुआत, कारण वा त्यसअघि र पछि भएका गतिविधि नदेखाएको हुन सक्छ। त्यसैले सार्वजनिक रूपमा उठेका गुनासोलाई बेवास्ता गर्नु हुँदैन, तर डिजिटल प्रचारलाई न्यायिक प्रक्रियाको विकल्प पनि बनाउन मिल्दैन।गुनासो सुन्ने निकाय प्रभावकारी भएमा नागरिकले न्याय खोज्न सामाजिक सञ्जालको सहारा लिनुपर्ने बाध्यता कम हुन सक्छ। यसैले समस्याको समाधान सामाजिक सञ्जाललाई दोष दिनु मात्र होइन, औपचारिक उजुरी प्रणालीलाई विश्वसनीय बनाउनु पनि हो।

**शिक्षकको सुरक्षा र विद्यार्थीको अधिकार : विरोधाभास होइन, साझा आवश्यकता**

शिक्षक तथा शिक्षाकर्मीमाथि हुने दुर्व्यवहारले उनीहरूको व्यक्तिगत सुरक्षामा मात्र असर गर्दैन। यसले पेसागत मनोबल, अध्यापनप्रतिको उत्साह, कक्षाकोठाको वातावरण र शैक्षिक संस्थाप्रतिको विश्वासलाई समेत प्रभावित गर्न सक्छ। निरन्तर असुरक्षा र अपमानको सामना गर्नुपरेमा शिक्षकमा निराशा बढ्न सक्छ। दीर्घकालमा यस्तो वातावरणले शिक्षण पेसाप्रति दक्ष जनशक्तिको आकर्षण र प्रतिबद्धतामा समेत असर पार्न सक्छ।

नेपालमा सबै शिक्षकको पारिश्रमिक, सेवा सुविधा र रोजगारीको स्थायित्व समान छैन। कतिपय शिक्षक तथा शिक्षाकर्मी सीमित सुविधाका बाबजुद समाजलाई दक्ष जनशक्ति उपलब्ध गराउने काममा समर्पित छन्। यस्तो अवस्थामा उचित पारिश्रमिक, समयमै तलब, स्पष्ट नियुक्ति व्यवस्था, पेसागत विकास र सुरक्षित कार्यस्थल सुनिश्चित गर्नु राज्य तथा सम्बन्धित संस्थाको दायित्व हो।तर शिक्षकको सुरक्षा सुनिश्चित गर्ने नाममा उनीहरूलाई जवाफदेहिताबाट मुक्त गर्न मिल्दैन। विद्यार्थीमाथि शारीरिक वा मानसिक दुर्व्यवहार, विभेद, अपमान वा अधिकारको दुरुपयोग भएको अवस्थामा पनि निष्पक्ष छानबिन र आवश्यक कारबाही हुनुपर्छ। त्यसैगरी, शिक्षकलाई धम्की दिने, कुटपिट गर्ने वा गैरकानुनी रूपमा अपमानित गर्ने कार्यलाई पनि सामान्य विवाद भनेर बेवास्ता गर्न मिल्दैन।

**समाधान भाषणमा होइन, संस्थागत सुधारमा**

समस्याको समाधानका लागि राज्यले प्रतिक्रियात्मक दृष्टिकोणभन्दा संस्थागत सुधारमा जोड दिनुपर्छ। शिक्षक तथा शिक्षाकर्मीमाथि हिंसा वा धम्की भएको उजुरी परेमा सम्बन्धित निकायले तत्काल सुरक्षा आवश्यकताको मूल्याङ्कन गर्ने, प्रमाण सुरक्षित राख्ने र निष्पक्ष अनुसन्धान अघि बढाउने व्यवस्था हुनुपर्छ। दोष प्रमाणित भएपछि प्रचलित कानुनअनुसार कारबाही गरिनुपर्छ। अनुसन्धानको प्रगति र निर्णय प्रक्रियाबारे सम्बन्धित पक्षलाई जानकारी दिनुपर्छ, तर पीडितको गोपनीयता र अनुसन्धानको निष्पक्षता पनि सुरक्षित राख्नुपर्छ।स्थानीय तहका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र शैक्षिक संस्थाले गुनासो सुनुवाइका स्पष्ट कार्यविधि लागू गर्नुपर्छ। सामान्य विवादलाई संवाद र मध्यस्थताबाट समाधान गर्न सकिने व्यवस्था हुनुपर्छ भने गम्भीर प्रकृतिका घटनालाई आवश्यकताअनुसार प्रहरी वा सम्बन्धित कानुनी निकायसम्म पुर्‍याउनुपर्छ। प्रत्येक विद्यालय वा क्याम्पसमा कसले उजुरी लिने, कसरी छानबिन गर्ने र निर्णयमा चित्त नबुझे कहाँ जाने भन्ने कुरा स्पष्ट हुनुपर्छ।यसका साथै शिक्षकहरूलाई कक्षाकोठा व्यवस्थापन, विद्यार्थी मनोविज्ञान, भावनात्मक बुद्धिमत्ता, द्वन्द्व समाधान र अभिभावकसँगको संवादसम्बन्धी नियमित तालिम दिनुपर्छ। विद्यार्थी तथा अभिभावकलाई पनि अधिकार, जिम्मेवारी र सम्मानजनक असहमतिको संस्कारबारे सचेत गराउन आवश्यक छ। यस्ता उपायले हिंसा रोक्ने मात्र होइन, विवाद उत्पन्न हुनुअघि नै त्यसलाई व्यवस्थापन गर्ने क्षमता विकास गर्न सक्छन्।

सबैभन्दा महत्त्वपूर्ण कुरा, अनुसन्धान र कारबाहीमा राजनीतिक, आर्थिक वा सामाजिक प्रभावले स्थान पाउनु हुँदैन।

**शिक्षा जोगाउने जिम्मेवारी कसको ?**

राष्ट्र निर्माणमा शिक्षाको भूमिका आधारभूत हुन्छ। शिक्षाले व्यक्तिलाई रोजगारीका लागि मात्र तयार गर्दैन; उसलाई विवेकशील, जिम्मेवार र सामाजिक रूपमा सचेत नागरिक बन्न पनि सहयोग गर्छ। यस्तो शिक्षा प्रदान गर्ने संस्थामा हिंसा, धम्की र अपमान सामान्य व्यवहारका रूपमा स्वीकार गरियो भने त्यसको असर पाठ्यपुस्तक र परीक्षाभन्दा परसम्म पुग्छ। विद्यालयले विद्यार्थीलाई सिकाउन खोजेको अनुशासन, संवाद र न्यायको मूल्य व्यवहारमै कमजोर हुन सक्छ।शिक्षकको सम्मानको प्रश्नलाई केवल परम्परा वा भावनासँग जोडेर हेर्नु पर्याप्त छैन। यो सुरक्षित कार्यस्थल, पेसागत मर्यादा, संस्थागत जवाफदेहिता र न्यायपूर्ण समाज निर्माणसँग जोडिएको विषय हो। त्यस्तै, विद्यार्थीको अधिकारको संरक्षणलाई शिक्षकविरुद्धको संघर्षका रूपमा बुझ्नु पनि गलत हुन्छ। दुवै पक्षको अधिकार र जिम्मेवारी स्पष्ट पार्ने संस्थागत व्यवस्था नै दीर्घकालीन समाधान हो।

राज्यले शिक्षक तथा शिक्षाकर्मीमाथि हुने दुर्व्यवहारलाई सामान्य प्रशासनिक घटनाका रूपमा पन्छाउनु हुँदैन। प्रत्येक उजुरीमा निष्पक्ष सुनुवाइ, प्रमाणमा आधारित अनुसन्धान र कानुनसम्मत निर्णय सुनिश्चित गर्नु आवश्यक छ। समाजले पनि असहमतिलाई हिंसामा बदल्ने होइन, संवाद र न्यायको प्रक्रियामा प्रवेश गराउने संस्कार विकास गर्नुपर्छ।राष्ट्रको भविष्य कक्षाकोठामा निर्माण हुन्छ। कक्षाकोठालाई सुरक्षित राख्नु शिक्षकको मात्र जिम्मेवारी होइन; राज्य, समाज, अभिभावक र स्वयं शैक्षिक संस्थाको साझा दायित्व हो। शिक्षकको सम्मानलाई जवाफदेहितासँग र विद्यार्थीको अधिकारलाई जिम्मेवारीसँग जोड्न सके मात्र नेपालको शिक्षा प्रणाली मर्यादित, विश्वसनीय र भविष्यप्रति आशावादी बन्न सक्छ।


## ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आकस्मिक धन लाभको योग रहेको छ।
वृष : दम्पत्तीबीचको सम्बन्ध सुमधुर बन्नेछ।
मिथुन : शत्रु तथा विरोधीहरु आफै परास्त हुनेछन्।
कर्कट : बौद्धिक तथा रचनात्मक कार्यमा मन रम्नेछ।
सिंह : घरपरिवारमा सुखशान्तिको वातावरण छाउनेछ।
कन्या : छोटो तथा लाभदायक यात्राको योग रहेको छ।
तुला : वाणीमा मधुरता आउने हुनाले रोकिएका कामहरु सम्पादन हुनेछन्।
वृश्चिक : आजको दिन तपाईका लागि उमंग र उत्साहले भरिपूर्ण रहनेछ।
धनु : विदेशी लगानी वा विदेशसंग सम्बन्धित कामबाट फाइदा हुनेछ।
मकर : आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्।
कुम्भ: व्यापार व्यवसायमा प्रगति हुनेछ र पदोन्नतिको योग रहेको छ।
मीन: धार्मिक तथा आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सोनासती मन्दिरमा तान्त्रिक मेला

महोत्तरी । मधेसकै प्रसिद्ध देवी शक्तिपिठ मानिने महोत्तरीको औरही-७ भोइलस्थित सोनासती देवी मन्दिरमा तान्त्रिक मेलाको चहलपहल सुरु भएको छ ।



बोलीचालीमा सोनामाई भनिने यो मन्दिरमा शारदीय नवरात्रमा तान्त्रिक मेलाको परम्परा छ । नवरात्रको फूलपातीका दिनदेखि जम्ने यो मेला पञ्चमीकै दिन सुरु हुन्छ । यो तान्त्रिक मेलालाई आमरुपमा 'भूतमेला' भन्ने गरिन्छ ।

"नवरात्रको पहिलो दिनदेखि नै बडादसैँ पर्वको पूजाआराधना सुरु हुन्छ, तर दुष्टात्माबाट सताइएका भक्तजन पञ्चमीदेखि देवीको पुकारा गर्न आउँछन् ।"

मन्दिरका पुजारी केदार झा भन्नुहुन्छ, "नवरात्रमा दुष्टात्माबाट सताइएका हरुको पुकार देवीले तत्काल निवारण गर्ने हाम्रो विश्वास छ ।" मेलामा रुँदै कराउँदै मन्दिर परिसरमा कष्टबाट छुटकारा पाउन देवीको पुकारा गर्ने पुरानो परम्परा छ । पञ्चमीदेखि नवमीसम्मको यो मेलामा मधेसका मात्र नभएर बागमती र कोशी प्रदेशका मकवानपुर, सिन्धुली र उदयपुरसम्मका भक्तजनको बाक्लो उपस्थिति हुँदै आएको छ । यहाँ छिमेकी मित्रराष्ट्र भारतको विहार राज्यका सीतामढी, मधुवनी, झञ्झारपुर, चम्पारन, शिवहर र मुजफ्फरपुर जिल्लासम्मका श्रद्धालु पुग्ने गरेका छन् । मेला दुःखीजनको कष्ट निवारणका लागि देवीको पुकारा गरिनेसँग सम्बन्धित छ । देवी सोनासतीको पुकाराले कष्ट निवारण भएपछि जीवनभरि दुष्टात्माले असर गर्न नसक्ने विश्वास छ ।

नयाँ पुस्ताका युवायुवती भने भूत, पिसाच र बोक्साबोक्सीजस्ता मान्यता र रोगव्याधका कुरालाई कथित दुष्टात्मासँग जोड्नु भ्रममात्र भएको बताउँछन् ।

नवरात्रमा देवी दुर्गाको महत्व उजागर गर्नु र मातृसत्ताप्रति श्रद्धाभाव जगाउनु उन्नत संस्कार हो । रासस

# दशैँमा नयाँ लुगा नलाइ चित्तै बुझ्दैन...

काठमाण्डु । बडादशैँलगायत चाडपर्व मनाउन काठमाण्डु उपत्यका बाहिर घर फर्कनेक्रमसँगै लत्ताकपडासहित घरायसी सामाग्री तथा उपहारका सामान खरिदका लागि मुख्य सहर र बजारमा उपभोक्ताको भीड लागेको छ ।



दशैँ, तिहार र छठलगायत महत्वपूर्ण पर्व नजिकिएसँगै काठमाडौँ उपत्यकाका बजारमा किनमेल गर्नेको भीडभाड बढेको हो ।

विगतमा झैँ अहिले काठमाण्डुको मुख्य व्यापारिक क्षेत्र, सपिङ मल, डिपार्टमेन्टल स्टोर तथा स्थानीय पसलमा ग्राहकको आवागमन बढेको छ ।

रोजगारी, अध्ययन तथा विभिन्न कामको सिलसिलामा काठमाडौँमा बस्दै आएका मानिस चाडपर्व मनाउन घर फर्कने तयारीमा जुटेका छन् । नयाँ लुगा लगाउने रहरले गुल्मी घर भएकी जानकी ज्ञवालीलाई काठमाडौँको न्युरोडमा पुऱ्याएको छ ।

दशैँका लागि लत्ताकपडा खरिद दसैँमा बजारसम्म पुगेकी ज्ञवालीले भन्नुभयो, "दशैँमा नयाँ लुगा नलगाए चित्तै बुझ्दैन, सस्तो र राम्रो लुगा खोज्दै छु । दसैँको रमाइलो नै यही त हो ।"

काठमाण्डुको बजारमा १०० देखि लाखौँ मूल्यसम्मका सामग्री उपलब्ध हुने भएकाले उपभोक्ताले आफ्नो आर्थिक क्षमताअनुसार किनमेल गरिरहेको उहाँको अनुभव छ । "काठमाडौँमा गरिबदेखि धनीसम्म सबैले आफ्नो क्षमताअनुसार सामान किन्नसक्ने बजार छ । यो राम्रो पक्ष हो", ज्ञावलीले भन्नुभयो ।

चाडपर्व लक्षित छुट तथा विशेष अफरले पनि बजारमा उपभोक्तालाई आकर्षित गरेको छ । शंखमूल टावरमुनि कपडाको सेल बजार सञ्चालन गरिरहनुभएकी व्यापारी आन्सिका थापाले चिसो मौसम सुरु हुन लागेकाले जाडोमा लगाउने कपडा छुटमा बिक्री गरिरहेको बताउनुभयो । दशैँ, तिहार र छठमा उपत्यका बाहिर जाने आफ्नो पसलका मुख्य ग्राहक रहेको उहाँको भनाइ छ । दसैँको घटस्थापनादेखि सुरु भएको व्यापार अष्टमीसम्म मानिसको चहलपहल हुने गरेको थापाले बताउनुभयो ।

चाडपर्वमा घरपरिवार र आफन्तका लागि कोसेली लैजाने चलनले पनि बजारमा किनमेल बढाएको छ । न्युरोडमा घर लैजान पुष्टकारी किन्दै गर्नुभएका डोटीका मोहन पनेरुले दसैँका लागि आवश्यक मसलासमेत काठमाडौँबाटै किनेर लैजाने गरेको बताउनुभयो ।

तुलनात्मक रुपमा सस्तो पर्ने भएकाले काठमाडौँबाटै किनेर लैजाने गरेको बताउनुभयो । गाउँघरमाभन्दा तुलनात्मक रुपमा सस्तो पर्ने भएकाले काठमाडौँबाटै सामान किन्ने गरेको उहाँको भनाइ छ ।

"मसला लगेपछि घरमा बाआमा खुसी हुनुहुन्छ, "दसैँ आएको महसुस गर्नुहुन्छ", पनेरुले भन्नुभयो । यता, ललितपुरको लगनखेलस्थित मङ्गलबजारमा पनि चाडपर्व लक्षित किनमेल गर्नेको चहलपहल निकै बाक्लो छ । सामान्य अवस्थामा पनि व्यस्त रहने त्यस बजारमा अहिले ग्राहकको भीड थेगिनसक्नु छ ।

लतितपुरको मङ्गलबजारमा तीन दशकदेखि कपडा व्यापार गर्दै आउनुभएका घनश्याम रौनियारले यस वर्षको दसैँमा विगतको तुलनामा व्यापारिक उत्साह कम रहेको अनुभव सुनाउनुभयो । बाढी पहिरोलगायत विपद्को प्रभाव, बढ्दो महँगी र आर्थिक सङ्कटका कारण उपभोक्ताले खुलेर खर्च गर्न नसकेको उहाँको भनाइ छ । "सामानको मूल्य चर्को छ", उहाँले भन्नुभयो, "विशेष छुटमा राखेका सामानसमेत बिक्री गर्न चुनौती छ ।"

चाडपर्वमा बजारमा चहलपहल बढे पनि उपभोक्ताको क्रयशक्ति र व्यवसायीको व्यापारिक अपेक्षाबीच तालमेल देखिन्न । रासस

## विज्ञापन बोर्डको वार्षिक प्रतिवेदन पेशः

# "डिजिटल" विज्ञापन नियमन प्राथमिकतामा

काठमाण्डु । विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उपभोक्तामैत्री बनाउन विज्ञापन बोर्डले 'डिजिटल' विज्ञापनको नियमन, सरकारी विज्ञापनको एकद्वार प्रणालीबाट व्यवस्थापन, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण तथा विज्ञापनसम्बन्धी कानुन सुधारलगायतका विषयलाई प्राथमिकतामा राखेको छ ।

बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष पेस गर्नुभएको वार्षिक प्रतिवेदनमा राष्ट्रिय विज्ञापन नीति, २०८३ कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रको संस्थागत सुदृढीकरण, भ्रामक विज्ञापन नियन्त्रण, विज्ञापन प्रतिष्ठान स्थापनाको तयारी र सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाउने योजना समेटिएको छ ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका काम, विज्ञापन बजारको नियमनमा देखिएका चुनौती तथा उपभोक्ता हित संरक्षण र वित्तीय पारदर्शिता अभिवृद्धिका लागि गरिएका प्रयाससमेत उल्लेख छन् ।

बोर्डको वार्षिक प्रतिवेदनअनुसार मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको 'राष्ट्रिय विज्ञापन नीति, २०८३' लाई मूल मार्गदर्शन मानेर बोर्डले विज्ञापन बजारको नियमन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने योजना बनाएको छ ।

**सामाजिक सञ्जाल र डिजिटल विज्ञापनको निगरानी बढाइने**

डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको तीव्र विस्तारसँगै त्यसको नियमनलाई प्रभावकारी बनाउने बोर्डको प्रमुख योजना रहेको छ ।

छापा, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, चलचित्र प्रदर्शनस्थल तथा सडक र सार्वजनिक स्थानमा राखिने बाह्य विज्ञापनको अनुगमन गर्न प्राविधिक प्रणाली र संस्थागत क्षमता विकास गरिने प्रतिवेदनमा उल्लेख छ ।

विशेषगरी सामाजिक सञ्जालमा स्वास्थ्यसम्बन्धी आधारहीन दाबी, वैदेशिक रोजगारीका नाममा प्रलोभन, गैरकानुनी सट्टेबाजी, क्रिप्टोकरेन्सी तथा अन्य भ्रामक विज्ञापनको नियमनलाई थप प्रभावकारी बनाउने योजना बोर्डले अघि सारेको छ ।

कृत्रिम बौद्धिकता (एआई), डिपफेक र इन्फ्लुएन्सर मार्केटिङजस्ता नयाँ प्रविधि तथा प्रचारशैलीका कारण विज्ञापन नियमन थप जटिल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ । यस्ता माध्यमबाट उत्पादन हुने अतिरञ्जित र भ्रमपूर्ण विज्ञापन नियन्त्रण गर्न कानुनी, प्राविधिक तथा जनशक्तिगत क्षमता अभिवृद्धि आवश्यक रहेको बोर्डको निष्कर्ष छ ।

विदेशमा रहेका कम्पनी तथा अन्तरराष्ट्रिय डिजिटल प्लेटफर्ममार्फत नेपालमा प्रसारित हुने विज्ञापनको नियमनलाई पनि बोर्डले प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ ।

**विज्ञापनसम्बन्धी कानुन संशोधन गरिने**

बोर्डले राष्ट्रिय विज्ञापन नीतिको मर्मअनुरूप 'विज्ञापन (नियमन गर्ने) ऐन, २०७६' लगायत विज्ञापन क्षेत्रसँग सम्बन्धित अन्य कानुन, नियमावली, कार्यविधि र मापदण्डमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने योजना अघि सारेको छ ।

विज्ञापन बजारमा विकसित भइरहेका नयाँ प्रविधि, सामाजिक सञ्जालमार्फत हुने प्रचारप्रसार र उपभोक्तालाई भ्रममा पार्ने विज्ञापनका कारण देखिएका चुनौती सम्बोधन गर्न कानुनी व्यवस्थालाई समयसापेक्ष बनाइने प्रतिवेदनमा उल्लेख छ ।

यसका लागि अध्ययन तथा अनुसन्धान गरी नीतिगत सुझाव नेपाल सरकारसमक्ष पेस गर्ने र सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने बोर्डको योजना छ । विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम र उपभोक्ताबीच स्वच्छ प्रतिस्पर्धा तथा जिम्मेवार व्यवहार सुनिश्चित गर्न कानुनी सुधारलाई प्राथमिकतामा राखिएको छ ।



**सरकारी विज्ञापन एकद्वार प्रणालीबाट व्यवस्थापन गरिने**

बोर्डले नेपाल सरकार तथा सरकारअन्तर्गतका निकायबाट प्रकाशन र प्रसारण गरिने लोककल्याणकारी तथा अन्य विज्ञापन बोर्डमार्फत व्यवस्थापन गर्ने एकद्वार प्रणालीको योजना अघि सारेको छ ।

यस व्यवस्थाबाट सरकारी विज्ञापनको वितरण, प्रकाशन तथा प्रसारण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउँदै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

त्यस्तै, लोककल्याणकारी विज्ञापनको वितरण प्रणालीलाई थप पारदर्शी, वस्तुपरक र समानुपातिक बनाउने बोर्डको योजना छ । विज्ञापन एजेन्सी दर्ता तथा नवीकरण र सञ्चारमाध्यमको सूचीकरण प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाउँदै विज्ञापन बजारमा संलग्न सबै पक्षबीच समन्वय बलियो बनाइने प्रतिवेदनमा उल्लेख छ ।

विज्ञापन बजारमा उत्कृष्ट काम गर्ने व्यक्ति तथा संस्थाको योगदानको सम्मान गर्न राष्ट्रिय विज्ञापन अवार्ड आयोजना गर्ने योजना पनि बोर्डले अघि सारेको छ ।

**विज्ञापन बोर्डलाई थप स्वायत्त र अधिकारसम्पन्न बनाउने**

आफूलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति र संस्थागत संरचना विकास गरी बोर्डलाई थप स्वायत्त तथा अधिकारसम्पन्न निकायका रूपमा अघि बढाउने योजना प्रतिवेदनमा समेटिएको छ ।

विज्ञापन क्षेत्रको अध्ययन, अनुसन्धान र दक्ष जनशक्ति उत्पादनका लागि विज्ञापन प्रतिष्ठान स्थापना गर्न प्रारम्भिक प्रस्ताव तयार गर्ने पनि बोर्डको भावी कार्यदिशा छ ।

त्यस्तै, विज्ञापनसम्बन्धी आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गराउन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीको निरन्तर अनुगमन गरिनेछ । विज्ञापनदाता, सञ्चारमाध्यम, विज्ञापन एजेन्सी तथा आम नागरिकका सुझाव, गुनासा र प्रतिक्रियालाई सम्बोधन गर्ने प्रणालीसमेत सुदृढ बनाइने प्रतिवेदनमा उल्लेख छ ।

**राष्ट्रिय विज्ञापन नीति कार्यान्वयनमा**

विज्ञापन बजारको समग्र विकास, विस्तार र प्रभावकारी नियमनका लागि राष्ट्रिय विज्ञापन नीति, २०८३ निर्माण गरी मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु आर्थिक वर्ष २०८२/८३ को प्रमुख उपलब्धिका रूपमा प्रतिवेदनमा उल्लेख छ ।

छापा तथा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ । यसबाट लोककल्याणकारी विज्ञापनको उत्पादन, वितरण र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग पुगेको बोर्डको भनाइ छ ।

प्रदेश तथा स्थानीय तहमा विज्ञापन नियमनसम्बन्धी कानुनी तथा नीतिगत स्पष्टता कायम गर्न पनि बोर्डले काम गरेको छ । प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिकाको नमूना, बाह्य विज्ञापनमा प्रदेश सरकारको भूमिका, विज्ञापन कानुन तथा विज्ञापन करका विषयमा मधेस प्रदेशबाहेक छवटै प्रदेश सरकारसँग अन्तरक्रिया गरिएको छ ।

**'अनलाइन' माध्यम र विज्ञापन एजेन्सीको सूचीकरण बढ्यो**

बोर्डले आर्थिक वर्ष २०८२/८३ मा सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी काम गरेको छ । प्रतिवेदनअनुसार उक्त अवधिमा १९७ अनलाइन सञ्चारमाध्यम सूचीकरण र २६८ को नवीकरण भएको छ । रेडियोतर्फ २० वटा सूचीकरण र ४४४ वटा नवीकरण तथा टेलिभिजनतर्फ आठ वटा सूचीकरण र ९० वटा नवीकरण गरिएको छ ।

त्यसैगरी, ९२ विज्ञापन एजेन्सीको सूचीकरण र ३२४ वटाको नवीकरण गरिएको छ । पत्रपत्रिकातर्फ ९९ वटा सूचीकरण र २७६ वटा नवीकरण भएको बोर्डले जनाएको छ ।

लोककल्याणकारी विज्ञापन प्रसारणका लागि ९३ टेलिभिजन तथा ४५१ रेडियो र एफएम रेडियोको आवेदन स्वीकृत गरिएको छ । स्वीकृत विज्ञापन सामग्री प्रसारण गरेबापतको रकम बोर्डको स्वीकृतिअनुसार भुक्तानी गरिएको प्रतिवेदनमा उल्लेख छ ।

'विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८' बमोजिम २६ वटा विज्ञापन सामग्री परीक्षण गरिएको छ । लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी अनुगमन विभिन्न जिल्लाका हुलाक कार्यालय तथा हुलाक निर्देशनालयमार्फत गरिएको छ ।

बाह्य विज्ञापनतर्फ बागलुङ, मकवानपुर, काभ्रेपलाञ्चोक, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, कास्की, पाल्पा, नुवाकोट, धादिङ, उदयपुर, सिन्धुली, ताप्लेजुङ, सिन्धुपाल्चोकलगायत जिल्लाका विभिन्न स्थानमा राखिएका होर्डिङ बोर्डको अनुगमन गरिएको छ ।

**भ्रामक विज्ञापन नियन्त्रणमा सक्रियता**

बोर्डले उपभोक्ता हित संरक्षण र विज्ञापनसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न विज्ञापनको अनुगमन, उजुरीको छानबिन तथा कारबाही प्रक्रिया अघि बढाएको प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारीका नाममा भ्रमपूर्ण तथा प्रलोभनमा पार्ने विज्ञापन नगर्न सार्वजनिक सूचना जारी गर्नुका साथै वैदेशिक रोजगार विभागलाई नियमनका लागि अनुरोध गरिएको थियो । त्यस्ता विज्ञापन तथा सूचना हटाउन पनि लगाइएको प्रतिवेदनमा उल्लेख छ ।

सामाजिक सञ्जालमा कपाल उमार्ने, लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा कम गर्ने, शरीरको बोसो घटाउने, मिर्गौला सफा गर्ने तथा शरीरबाट विषाक्त पदार्थ हटाउनेजस्ता आधारहीन स्वास्थ्यसम्बन्धी दाबी गरिएका विज्ञापनमाथि पनि बोर्डले निगरानी गरेको छ ।रासस

# मधेशी आयोगले पेश गरे आठौँ प्रतिवेदन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले आयोगको आठौँ वार्षिक प्रतिवेदन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष पेस गरेका छन् ।

बिहीबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा कार्यवाहक अध्यक्ष साहले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा आयोगले सम्पादन गरेका कामकारबाही समेटिएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णसमक्ष पेस गरेका हुन् ।

संवैधानिक व्यवस्थाअनुसार आयोगले आर्थिक वर्षभरि गरेका काम, गतिविधि तथा प्रगतिलाई समेटेर वार्षिक प्रतिवेदन पेस गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । उक्त प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कामकारबाहीको विवरण समेटिएको छ ।

# विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद्हरुको जोड

काठमाण्डु।विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद् हरुले जोड दिनुभएको छ ।



प्राज्ञिक विद्यार्थी परिषद् नेपालले आयोजना गरेको 'विश्वविद्यालय अनुदान आयोग र नेपालको उच्च शिक्षा' विषयक राष्ट्रिय शिक्षा कार्यशालामा शिक्षाविद्हरुले सो धारणा व्यक्त गर्नुभएको हो ।

उच्च शिक्षामा विद्यार्थीको पहुँच विस्तार, शिक्षालाई सर्वसुलभ बनाउने र विश्वविद्यालयको गुणस्तर सुधार गर्न विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न विज्ञहरुले सुझाव दिनुभएको हो ।

उच्च शिक्षाका समस्या समाधानका लागि नीतिगत सुधार, अनुसन्धानमा लगानी र विश्वविद्यालयको संस्थागत स्वायत्तता आवश्यक रहेको छ ।

पूर्वाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा विजुकुमार थपलियाले उच्च शिक्षामा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्ने बताउनुभयो ।

उहाँले कमजोर संस्थागत स्वायत्तता, अनुसन्धानमा अपर्याप्त लगानी र नीतिगत निरन्तरताको अभावजस्ता चुनौती औँल्याउनुभयो ।

विश्वविद्यालयको स्वायत्तता कायम राख्दै त्यसलाई पारदर्शिता, गुणस्तर र परिणामप्रतिको जवाफदेहितासँग जोड्नुपर्ने थपलियाको प्रस्ताव छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका डीन प्रा डा वेदराज आचार्यले आगामी १० वर्षभित्र उच्च शिक्षा अध्ययन गर्ने उमेर समूहका कम्तीमा ३० प्रतिशतलाई उच्च शिक्षामा समेट्ने लक्ष्य लिनुपर्ने बताउनुभयो ।

उहाँले उच्च शिक्षामा पहुँच विस्तारसँगै शिक्षालाई आर्थिक रूपमा सर्वसुलभ बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "शिक्षाको खर्च घटाउने नाममा शिक्षक तथा कर्मचारीको पारिश्रमिक वा शैक्षिक गतिविधिमा हुने खर्च कटौती गर्नु समाधान होइन ।"

शिक्षाविद् एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा डा पुष्करमान बज्राचार्यले मानवस्रोत योजना निर्माणका लागि छुट्टै राष्ट्रिय परिषद् गठन गर्नुपर्ने बताउनुभयो । डा बज्राचार्यले उच्च शिक्षामा पहुँच विस्तारसँगै आर्थिकरूपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्तिको दिगो व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगले गुणस्तरका मापदण्ड निर्धारण, अनुगमन, शैक्षिक सुधारमा सहजीकरण र अनुसन्धानका लागि अनुदान उपलब्ध गराउने भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा बज्राचार्यले जोडदिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा तीर्थ खनियाँको अध्यक्षतामा भएको कार्यक्रमको छलफलमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा उपेन्द्र कोइराला, शिक्षाविद् एवं विश्वविद्यालय अनुदान आयोगका पूर्वसदस्य प्रा डा गोविन्द नेपाल, विश्वविद्यालय अनुदान आयोगकी सदस्य-सचिव प्रा डा रोजी श्रेष्ठ, भारतको विश्वविद्यालय अनुदान आयोगका पूर्वसचिव प्रा डा मनिष जोशी तथा अमेरिकाको मेरिल्याण्डस्थित मोर्गन स्टेट विश्वविद्यालयका प्राध्यापक एवं शिक्षाविद् प्रा डा कृष्ण विष्टलगायतको सहभागी थियो । रासस


## Karaiyamai Rural Municipality
## Office Of The Rural Municipal Executive
## Karaiya, Bara

## Invitation for Bids No: 02

**Date of publication: 2083/06/30**

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites Hard copy National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9855048988

| Contract Identification No. | Description | Estimated Amount Without VAT | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/G/02/2083-084 | Ga.Pa Vari Vapour Light Jadan | 4295835.28 | 125000 | 3000 | 2083/07/19 |

**Name of the Bank:** Kumari Bank Ltd.,
**Bank Address:-** Karaiyamai Rural Municipality, Madhuwan, Bara
**Name ofthe Office:** Karaiyamai Rural Municipality
**Office Code no:** 801022109
**Office Account no:** 2610247287300005
**Rajaswa (revenue) Shirshak no:** 14229

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

**Chief Administrative Officer**

# पर्साका प्रमुख जिल्ला न्यायाधिवक्ता गुप्ता छानबिनमा तानिए

अनिल तिवारी

वीरगञ्ज । जिल्ला सरकारी वकिल कार्यालय पर्साका प्रमुख जिल्ला न्यायाधिवक्ता मनोजप्रसाद गुप्तालाई छानबिनका लागि काठमाडौं फिर्ता बोलाइएको छ । ठुलो रकमको चहलखेलमा क्रिप्टो कारोवारीको अभियोजन कमजोर गरेको अभियोजन कमजोर गरेको आरोपमा गुप्तालाई काठमान्डौ तानिएको हो ।

अजोज १६ गते जनपुरटुडेले अभियोजन कमजोर गरेको कारण क्रिप्टोका कारोवारीहरु न्युन धरौटिमा छुटेको समाचार ब्रेक गरेको थियो । असोज १६ गतेको जनकपुर टुडेको पहिलो पृष्टमा अढाइ अर्बको क्रिप्टो कारोवारी ५लाख धरौटीमा रिहा बिषयक समाचार प्रकाशित गरेको थियो । दुई अर्ब ३९ करोड रुपैयाँभन्दा बढीको कारोबार देखिएको पर्साको हुण्डी प्रकरणमा अभियोजन प्रक्रियामाथि गम्भीर प्रश्न उठेपछि महान्यायाधिवक्ताको कार्यालयको २०८३ असोज २८ गतेको निर्णय अनुसार गुप्तालाई काठमाडौं स्थित कार्यालयमा उपन्यायाधिवक्ताको जिम्मेवारीमा कामकाज गर्ने गरी फिर्ता बोलाइएको हो ।

हुण्डी कारोबार सम्बन्धी मुद्दामा अभियोजन गर्दा केही गम्भीर कसुर समावेश नगरिएको तथा केही अभियुक्त विरुद्ध मुद्दा नचलाउने निर्णय गरिएको विषयमा प्रश्न उठेपछि यो कदम चालिएको हो ।

अनुसन्धानबाट ठूलो परिमाणमा अवैध वित्तीय कारोबार भएको देखिए पनि सरकारी वकिलबाट अदालतमा पेस गरिएको अभियोगपत्रमा सबै गम्भीर कसुर समेटिए वा समेटिएनन् भन्ने विषय विवादको केन्द्रमा आएको छ । केही अभियुक्तविरुद्ध मुद्दा नचलाउने निर्णय समेत भएको पाइएपछि अभियोजनको निष्पक्षता र पर्याप्ततामाथि प्रश्न उठेको थियो ।

यस प्रकरणमा मुख्य प्रतिवादीहरू धरौटीमा रिहा भएपछि अभियोजन प्रक्रियाबारे थप चासो बढेको थियो । यही विषयलाई लिएर महान्यायाधिवक्ताको कार्यालयमा उजुरीसमेत परेको थियो । गुप्तालाई काठमाडौं फिर्ता बोलाइनुलाई उक्त प्रकरणमा भएको अभियोजनसम्बन्धी निर्णयको छानबिनसँग जोडेर हेरिएको छ । यद्यपि, उनीमाथि लागेको आशंकाको अन्तिम निष्कर्ष छानबिनबाटै स्पष्ट हुनेछ ।



गत साउन २५ गते वीरगञ्ज महानगरपालिका-१०, आदर्शनगरबाट प्रहरीले ५२ लाख ५० हजार रुपैयाँ नगदसहित केही व्यक्तिलाई पक्राउ गरेपछि हुण्डी कारोबारसम्बन्धी अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा बैंक खाता, भौचर, ह्वाट्सएप संवाद तथा डिजिटल कारोबारका विवरण अध्ययन गर्दा कुल दुई अर्ब ३९ करोड २२ लाख ६८ हजार ७९३ रुपैयाँ बराबरको कारोबार भएको खुलेको थियो । मुख्य प्रतिवादी सागरकुमार साहले बयानका क्रममा आफूले एक अर्ब ३९ करोड रुपैयाँभन्दा बढीको कारोबार गरेको बताएका थिए । उक्त रकमबाट कलैयास्थित गार्डेन रिसोर्टमा सेयर लगानी गरेको समेत उनले बयान दिएको अनुसन्धान विवरणमा उल्लेख छ ।

प्रहरीले यस प्रकरणमा संगठित अपराध, सम्पत्ति शुद्धीकरण तथा हुण्डी कारोबारसम्बन्धी कसुर समेटेर अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो ।

पर्सा जिल्ला अदालतले असोज ८ गते मुख्य प्रतिवादी सागरकुमार साह, उपेन्द्रकुमार साह र राहुलकुमार गुप्तालाई जनही पाँच लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको थियो । त्यस्तै, असोज १३ गते प्रतिवादी प्रमेश सर्राफलाई दुई लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिइएको थियो । भारतीय नागरिक सुरजकुमार साहलाई भने पुर्पक्षका लागि थुनामा पठाइएको थियो । मुख्य प्रतिवादीहरू धरौटीमा रिहा भएको घटनाले मुद्दाको गम्भीरता, अभियोजनमा समेटिएका कसुर र प्रतिवादीहरूको भूमिकाबारे बहस सिर्जना गरेको थियो । तर धरौटीमा रिहा हुनु आफैंमा अभियुक्त दोषी वा निर्दोष भएको अन्तिम प्रमाण होइन । अदालतको आदेश र सरकारी वकिलको अभियोजन निर्णयलाई अलग-अलग आधारमा मूल्यांकन गर्नुपर्ने हुन्छ ।

अब छानबिनको केन्द्रमा के ?

गुप्तालाई काठमाडौं फिर्ता बोलाइएसँगै अब यस प्रकरणमा अनुसन्धान प्रतिवेदनअनुसार अभियोगपत्र तयार गरिएको थियो कि थिएन, गम्भीर कसुर छुटाइएका थिए कि थिएनन् र केही अभियुक्तविरुद्ध मुद्दा नचलाउने निर्णयको आधार के थियो भन्ने प्रश्न महत्त्वपूर्ण बनेका छन् ।

दुई अर्ब ३९ करोड रुपैयाँभन्दा बढीको कारोबारसँग जोडिएको प्रकरणमा अभियोजनको गुणस्तर र निर्णय प्रक्रियाको पारदर्शिताले सार्वजनिक चासो बढाएको छ । छानबिनले अभियोजनमा त्रुटि भएको हो वा निर्णय कानुनी आधारमा गरिएको थियो भन्ने विषय स्पष्ट पार्नुपर्नेछ ।

यो प्रकरण अब हुण्डी कारोबारको अनुसन्धानमा मात्र सीमित छैन; ठूलो आर्थिक अपराधका मुद्दामा अनुसन्धान निकायले संकलन गरेका प्रमाणलाई सरकारी वकिलले कसरी अभियोजनमा रूपान्तरण गर्छन् भन्ने विषयको पनि परीक्षण बनेको छ ।

## स्तनपान संरक्षण र प्रवर्द्धनका लागि निर्देशिका जारी




टुडे समाचारदाता

जनकपुरधाम । सरकारले आमा र नवजात शिशुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्न 'मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका, २०८३' जारी गरेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले यसअघिको २०७३ को निर्देशिकालाई परिमार्जन गर्दै थप व्यवस्थित र प्रभावकारी बनाएर नयाँ निर्देशिका लागू गरेको बताइएको छ । नयाँ व्यवस्था अनुसार अब सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरूले सुत्केरी आमा र नवजात शिशुका लागि १०/१० वटा अनिवार्य मापदण्डहरू पालना गर्नुपर्नेछ ।

नयाँ निर्देशिकाले प्रसवका क्रममा आमाको मनोबल बढाउन उनले रोजेको परिवारको सदस्यलाई साथमा रहने व्यवस्था सुनिश्चित गरेको छ। साथै, शिशु जन्मिएलगत्तै आमाबाट अलग नराखी आमाकै बेडमा राख्ने र सकेसम्म छिटो स्तनपान गराउने कार्यलाई प्राथमिकता दिइएको छ ।

यसका साथै आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको बिक्री, वितरण र प्रवर्द्धनलाई नियमन गर्दै 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन २०४९' को कडाइका साथ पालना गराइने मन्त्रालयले जनाएको छ ।

अस्पतालबाट डिस्चार्ज भएर घर फर्किएपछि पनि आमा र शिशुको स्वास्थ्य अवस्थाबारे निरन्तर जानकारी लिन, परामर्श दिन र सम्भावित जोखिम पहिचान गर्न प्रत्येक स्वास्थ्य संस्थामा अनिवार्य रूपमा सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रसवदेखि सुत्केरीपछिको अवस्थासम्म मातृ तथा नवजात शिशुमैत्री सेवाको निरन्तरता सुनिश्चित गर्दै स्तनपानका लागि अनुकूल वातावरण निर्माण गर्नु यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ ।

### चाडपर्वकै मुखमा हंसपुरमा डोजर आतंक

# निजी जग्गामा बनेका घर भत्काएको पीडितको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको हंसपुर नगरपालिका-७, निकालका महेश दासले आपसी रिसइबी साँध्न आफू र आफ्ना आफन्तको घर नगरपालिकाले भत्काएको आरोप लगाएका छन् । पुस्तौंदेखि बसोबास गर्दै आएको र निजी जग्गामा निर्माण गरिएका घरहरू चाडपर्वकै मुखमा भत्काइएपछि आफूहरू घरबारविहीन बनेको भन्दै उनले न्यायका लागि सम्बन्धित निकायसँग गुहार मागेका छन् ।

सञ्चारकर्मीसँगको भेटघाटमा पिडित दासले दशैंजस्ता प्रमुख चाडपर्वको समयमा बालबच्चासहित परिवारलाई लिएर कहाँ जाने भन्ने चिन्ताले आफूहरू विचल्लीमा परेको बताए। उनका अनुसार वर्षौंको मेहनत र पसिनाबाट निर्माण गरिएका घरहरू एकैछिनमा भत्काइएपछि परिवारको बासस्थान मात्र होइन, जीवनभरको कमाइसमेत समाप्त भएको छ ।

हंसपुर नगरपालिकाद्वारा गठित ऐलानी, पर्ती तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण समितिले सार्वजनिक जग्गामा निर्माण गरिएको भन्दै मुनी दासका छोरा राजेश्वर दासको १० कोठे र रामउदगार दासको सात कोठे घर तथा महेश दासका छोरा फिरन यादवको चार कोठे र घुरन यादवको छ कोठे पक्की घर बुधबार भत्काएको हो ।



तर, पीडित पक्षले भने उक्त जग्गा निजी रहेको दाबी गर्दै नगरपालिकाको कदममाथि गम्भीर प्रश्न उठाएको छ। महेश दासले सामान्य नाला-पैनीसम्बन्धी विवादलाई लिएर स्थानीय उपेन्द्र साहले आफूहरूसँग प्रतिशोध साँधेको आरोप लगाए। साहले नगरपालिका र वडा नम्बर ३ का अध्यक्षसमेत रहेका समितिका संयोजक उदय सिंहलाई प्रभावमा पारेर आफूहरूका घर भत्काउन भूमिका खेलेको दासको दाबी छ। यद्यपि, यी आरोपहरूको स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

मालपोत तिरेको जग्गा कसरी भयो सार्वजनिक ?

पीडित परिवारका अनुसार साबिकको कित्ता नम्बर १२०२ र १२०४ तथा हालको कित्ता नम्बर १५१ र १५२ मा रहेका सात-सात कट्ठाका दुईवटा जग्गा विगतमा मखनी देवीको नाममा रहेको अभिलेख छ। उनीहरूले विसं २०२४ सालसम्म मालपोत तथा भूमिकर तिरेको प्रमाण, जग्गाको पट्टालगायतका कागजात आफूसँग रहेको दाबी गरेका छन् ।

उनीहरूको भनाइमा विसं २०२४ सालको नापीका क्रममा जग्गा छुट्न गएको कारण अहिले त्यसलाई सार्वजनिक जग्गा दाबी गरिएको हो। वर्षौंदेखि निजी जग्गाका रूपमा भोगचलन गर्दै आएको र करसमेत तिरेको दाबी हुँदाहुँदै नापीमा छुटेकै आधारमा जग्गाको स्वामित्वमाथि प्रश्न उठाएर घर भत्काउनु अन्यायपूर्ण भएको पीडितहरूको गुनासो छ ।

मुनी दासले वैदेशिक रोजगारीमा जीवनभरि पसिना बगाएर कमाएको रकम घर निर्माणमै खर्च गरेको बताए। सामान्य नाला-पैनी विवादलाई आधार बनाएर आफूहरूको जीवनभरको कमाइ क्षणभरमै नष्ट पारिएको उनको आरोप छ ।

"हामीले विसं २०२४ सालसम्म सरकारलाई भूमिकर तिरेका हौं । नापीका बेला सहभागी नभएको वा जग्गा छुटेको अवस्थामा त्यसलाई सार्वजनिक जग्गा ठहर गरेर घर भत्काउनु कहाँसम्म न्यायोचित हो?" मुनी दासको प्रश्न छ ।

घुस नदिएपछि सिफारिस पाएनौं

महेश दासका अनुसार विसं २०२४ सालमा आफू सानै भएकाले जग्गाको नापीसम्बन्धी सबै प्रक्रिया र घटनाबारे विस्तृत जानकारी थिएन । पछि छुटेको जग्गा नामसारी गराउन खोज्दा तत्कालीन गाविसले विसं २०६१ सालसम्म सिफारिस नदिएको उनको भनाइ छ ।

त्यसपछि वडा कार्यालयबाट सिफारिस लिन खोज्दा वडासचिवले ५० लाख रुपैयाँ मागेको आरोपसमेत उनले लगाए। विभिन्न निकायमा धाउँदा नामसारीका लागि लाखौं रुपैयाँ घुस मागिएको उनको दाबी छ । आर्थिक अभाव र प्रशासनिक झन्झटका कारण जग्गा नामसारी गराउन नसकिएको तथा अन्ततः उक्त जग्गालाई सार्वजनिक ठहर गर्ने प्रक्रिया अघि बढाइएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

यता, घर भत्काउने समितिका संयोजक उदय सिंहले अतिक्रमित जग्गा खाली गराउने अभियानअन्तर्गत नेपाल सरकारको निर्देशनअनुसार नगरपालिकाले गरेको निर्णयका आधारमा समितिले घर भत्काएको बताएका छन् ।

निजी जग्गालाई नगरपालिकाले कसरी सार्वजनिक ठहर गर्न सक्छ भन्ने प्रश्नमा सिंहले उच्च अदालतको पछिल्लो फैसलाले उक्त जग्गा नेपाल सरकारको नाममा रहेको प्रमाणित गरेको दाबी गरे। उनका अनुसार नगरपालिका आफैंले मात्र नभई अदालतको फैसलाका आधारमा जग्गालाई सार्वजनिक मानिएको हो ।

साबिकका कागजातले जग्गा निजी रहेको देखाएको अवस्थामा त्यसलाई सार्वजनिक कसरी ठहर गरियो भन्ने प्रश्नमा सिंहले अदालतको फैसलाबारे अदालतसँगै गएर बुझ्नुस बताए । "अदालतले उक्त जग्गा नेपाल सरकारको रहेको प्रमाणित गरिदिएको हो । ती जग्गा कसैलाई पनि अतिक्रमण गर्न दिँदैनौं," उनको भनाइ छ ।

पीडित पक्षका अनुसार विसं २०७७ सालमा जिल्ला अदालतले दाजुभाइबीचको अंश मुद्दामा जग्गा बाँडफाँट गर्न आदेश दिएको थियो । नाला-पैनीसम्बन्धी विवादमा समेत विगतमा दास परिवारकै पक्षमा फैसला भएको उनीहरूको दाबी छ ।

यदि पुराना कागजात र अदालती आदेशले जग्गाको निजी स्वामित्व वा भोगचलनलाई समर्थन गर्छन् भने पछिल्लो फैसलाले कुन आधारमा जग्गा नेपाल सरकारको नाममा रहेको ठहर गर्‍यो भन्ने प्रश्नको जवाफ खोज्दैछन् बिच्चलीमा परेका पिडित परिवारहरु ।

# ठगी आरोपमा एकजना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । लिलामी बिक्री हुने सवारीसाधन तथा घरायसी सामान सस्तो मूल्यमा उपलब्ध गराइदिने प्रलोभन देखाएर ठगी गरेको आरोपमा वीरगञ्जबाट एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सर्लाही घर भई हाल काठमाडौंमा डेरा गरी बस्ने २७ वर्षीय प्रविण साह रहेका छन् । उनलाई २०८३ असोज २२ गते वीरगञ्ज महानगरपालिका-८ घण्टाघरबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार साहले आफू सशस्त्र प्रहरी सहायक निरीक्षक भएको र वीरगञ्ज भन्सार कार्यालयका एजेन्टसँग राम्रो चिनजान रहेको भन्दै सर्वसाधारणलाई झुक्याउने गरेका थिए । भन्सारबाट लिलाम बिक्री हुने सवारीसाधन तथा घरायसी सामान कम मूल्यमा दिलाइदिने प्रलोभन देखाएर लिलाम बिक्रीको प्रक्रिया सफल गराइदिने आश्वासन दिँदै उनले विभिन्न व्यक्तिलाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।



रकम जम्मा गराएपछि सम्पर्कविहीन हुने र ठगी गर्ने कार्यमा संलग्न रहेको आरोपमा साहलाई वीरगञ्जबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ परेका साहमाथि कानुनबमोजिम म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिएका छन् ।

प्रहरीले यस घटनामा संलग्न अन्य व्यक्तिको पहिचान गर्न विशेष निगरानी बढाउनुका साथै आवश्यक प्रमाण संकलन गरिरहेको जनाएको छ ।

भन्सारबाट लिलाम हुने सामान सस्तोमा उपलब्ध गराइदिने भन्दै बिचौलियाको प्रलोभनमा नपर्न, त्यस्ता व्यक्तिसँग सम्पर्क नराख्न र उनीहरूबारे कुनै सूचना भए नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।




# राजदूत सिफारिसमा सांसद सिँहको कडा टिप्पणी

टुडे समाचारदाता

जनकपुरधाम । दुईतिहाइ बहुमत हुँदैमा सरकारका हरेक निर्णय सही नहुने सत्ताधारी दलकै सांसद अमरेशकुमार सिंहले टिप्पणी गरेका छन् ।



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सिंहले बिहीबार सामाजिक सञ्जालमार्फत राजदूत सिफारिस सम्बन्धमा सरकारको आलोचना गर्दै यस्तो टिप्पणी गरेका हुन् ।

सरकारले विभिन्न देशका लागि सिफारिस गरेका राजदूत बुधबार संसदीय सुनुवाइ समितिले अस्वीकार गरेको सन्दर्भमा रास्वपा नेता सिंहको प्रतिक्रिया आएको हो ।

'दुईतिहाइको बहुमत हुँदैमा सरकारका हरेक निर्णय सही हुन्छन् भन्ने छैन । लोकतन्त्रमा सरकारभन्दा माथि विधि, पद्धति र राष्ट्रिय हित हुन्छ', सिंहले फेसबुकमा लेखेका छन्, 'राजदूत नियुक्तिजस्तो संवेदनशील विषयमा संसदीय समितिले सरकारको सिफारिसमाथि प्रश्न उठाउनु र आवश्यक परे रोक लगाउनु संसदीय निगरानीको महत्त्वपूर्ण अभ्यास हो । लोकतन्त्रमा बहुमतको शासन हुन्छ, तर बहुमतलाई पनि जवाफदेही बनाउने व्यवस्था हुन्छ। यही हो लोकतन्त्रको सुन्दरता, यही हो संसदीय समितिको गरिमा ।'

# दुई महिनामै भित्रियो २ खर्बभन्दा बढी रेमिन्टान्स

टुडे समाचारदाता

जनकपुरधाम । चालु आर्थिक वर्ष २०८३/०८४ को भदौ महिनामा मात्रै २ खर्ब भन्दा बढी रेमिट्यान्स भित्रिएको छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को भदौ महिनामा मात्रै २ खर्ब २१ अर्ब ३१ करोड रुपैयाँ बराबर रेमिट्यान्स भित्रिएको हो । यो रेमिट्यान्स आप्रवाह साउन महिनाको तुलनामा ६ अर्ब रुपैयाँले बढी रहेको बताइएको छ ।

चालु आर्थिक वर्षको साउन महिनामा २ खर्ब १५ अर्ब रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको थियो । आर्थिक वर्षको दुई महिनामा रेमिट्यान्स आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३.९ प्रतिशतले वृद्धि भई ४ खर्ब ३६ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ३३.१ प्रतिशतले बढेको थियो ।

चालु आर्थिक वर्ष भदौसम्म अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १३.५ प्रतिशतले वृद्धि भई २ अर्ब ८५ करोड डलर पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २७.६ प्रतिशतले बढेको थियो ।

चालु आर्थिक वर्षको भदौसम्म खुद द्वितीय आय (खुद ट्रान्सफर) ४ खर्ब ६९ अर्ब ४४ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३ खर्ब ८४ अर्ब ८८ करोड रुपैयाँ रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८